नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, पर्सा

# सूचीकृत हुन सम्बन्धि सूचना

## सूचना नं.-१

**प्रथम पटक सूचना प्रकाशन मिति: २०७८/०७/०३**

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७८/०५/२९ को निर्णयानुसार चालू आ.व. २०७८/०७९ को लागि निर्धारण भएको न्यूनतम समर्थन मूल्यमा कृषकबाट उत्पादित धान **न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७** बमोजिम खरिद गर्न इच्छुक कृषि सहकारी संस्थाहरुले तपसिलमा उल्लेख भए अनुसारका कागजातहरु सहित मिति २०७८/०७/१७ गते भित्र सूचीकृत हुनका लागि निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१ सूचीकृत हुनको लागि रु.१० को टिकट टाँस गरिएको निवेदन।

२ संस्था दर्ता प्रमाणपत्र प्रतिलिपि

३ आवेदक कृषि सहकारी संस्थाले संस्थाको शेयर पूँजी, कारोवार रकम, कार्य क्षेत्र, खरिद गर्न चाहेको स्थानिय तह र वडा, धानको परिमाण, किसिम, धान खरिदको लागि आवश्यक रकमको व्यवस्था तथा स्रोत, खरिद गरिने धानको ढुवानी, भण्डारण, प्रशोधन तथा व्यवस्थापन सम्बन्धि विवरण अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

४ न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्ने सम्बन्धमा सूचीकृत हुनका लागि आवेदक संस्थाको कार्य समितिको निर्णयको प्रतिलिपि।

५ आवेदक संस्थाको कार्य समितिले न्यूनतम समर्थन मूल्यमा धान खरिद, ढुवानी, भण्डारण तथा व्यवस्थापन सम्बन्धि विवरण सहितको निवेदन पेश गर्न आधिकारीक ब्यक्ति तोकेको सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी।

६ आवेदक संस्थाका अख्तियार प्राप्त व्यक्ति नागरिकता प्रमाण पत्र को प्रतिलिपि।

७ आवेदक संस्थाको स्थायी लेखा नं.(PAN), आ.व. २०७७/७८ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।

८ सम्बन्धित स्थानिय तहको सिफारिस।

९ आवेदक संस्थाको नाममा बैंकमा रहेको खाता नं. खुल्ने कागजातको प्रतिलिपि (चेक बुक)।

१० अन्य कुनै थप जानकारीको लागि परियोजना कार्यान्वयन एकाइ, पर्सा वा मोबाईल नं ९८५५०३६४१२ (साहेब प्रसाद) मा सम्पर्क गर्न सकिनेछ।

........................

**दिपेन्द्र मनोहर चौधरी**

**नि. बरिस्ठ कृषि अधिकृत**